# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडको सञ्चालक समितिलाई निलम्बन गरी उक्त बैंकलाई नियन्त्रणमा लिइएको बारे

## नेपाल राष्ट्र बैंकको

## विज्ञप्ति

नेपाल क्रेडिट एण्ड कमर्स (एनसिसि) बैंक लिमिटेड को १५ औं वार्षिक साधारण सभाबाट निर्वाचित सञ्चालक समितिमा पटक पटक विवाद सृजना भई सोको समाधानका लागि यस बैंकबाट वारम्बार प्रयास गर्दा पनि सफलता प्राप्त नभएको, बैंकका सञ्चालकहरू दुई समूहमा विभाजित भई एक अर्का विरुद्ध आरोप प्रत्यारोप लगाउँदै यस बैंक र कानून कार्यान्वयन गर्ने अन्य निकायमा समेत सहयोग एवम् हस्तक्षेपका लागि पटक पटक निवेदन दिने गरेको, यस बैंकबाट गरिएको विशेष स्थलगत निरीक्षणबाट समेत सञ्चालक समितिको काम कारवाहीमा गम्भीर विवाद एवम् समस्या रहेको देखिएको, सञ्चालक समितिको बैठक नियमित रूपमा बस्न नसकेको र यही अवस्था कायम रहिरहन दिँदा बैंक सञ्चालनमा गम्भीर समस्या उत्पन्न भई बैंकप्रति सर्वसाधारण निक्षेपकर्ता एवम् लगानीकर्ताको विश्वसनीयतामा आँच आउन सक्ने हुँदा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५४ को उपदफा (१) बमोजिम **नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड**को मौजुदा संचालक समितिलाई निलम्बन गरी उक्त बैंकलाई यस बैंकले नियन्त्रणमा लिने र यसरी नियन्त्रणमा लिएपछि सोही दफाको उपदफा (२) बमोजिम उक्त बैंकमा यस बैंकका निर्देशक तहका पदाधिकारी संयोजक रहने गरी देहायको ३ सदस्यीय व्यवस्थापन समिति गठन गरी सो समितिलाई संचालक समितिको अधिकार प्रयोग गर्ने गरी उक्त बैंक संचालन गर्न जिम्मेवारी प्रदान गर्ने यस बैंकको संचालक समितिको मिति २०७०।१०।२१ को बैठकले गरेको निर्णय बमोजिम आजैदेखि उक्त बैंकलाई यस बैंकको नियन्त्रणमा लिइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो विज्ञप्ति जारी गरिएको छ ।

| | | |
|---|---|---|
| क) | निर्देशक, श्री लक्ष्मीप्रपन्न निरौला | संयोजक |
| ख) | उप निर्देशक, श्री रमेश आचार्य | सदस्य |
| ग) | सहायक निर्देशक, श्री रेशमराज रेग्मी | सदस्य |

**माथि उल्लिखित व्यवस्थापन समितिले देहायका मुख्य कार्यहरु गर्नेछ :**

(१) नियन्त्रणमा लिएको छ महिनाभित्रमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५४ को उपदफा (३) बमोजिम उक्त बैंकको वित्तीय तथा व्यवस्थापन परीक्षण गरी उपदफा (५) बमोजिम सार्वजनिक गर्ने ।

(२) उपखण्ड (१) बमोजिमको प्रतिवेदनको आधारमा बैंक तथा वित्तीय संस्था सम्बन्धी

ऐन, २०६३ को दफा ५४ को उपदफा (५) बमोजिम यथाशक्य छिटो साधारण सभा लगायतका आवश्यक कार्य सम्पन्न गरी बैंकको व्यवस्थापन जिम्मा लगाउने ।

(३) माथि उपखण्ड (२) बमोजिम बैंकको ब्यवस्थापन जिम्मा लगाउनु पूर्व साधारण सभा सम्पन्न गर्ने सिलसिलामा उक्त बैंकलाई यस बैंकको निर्देशन बमोजिम २०७१ असार मसान्तभित्रमा तोकिएको चुक्ता पूँजी पुऱ्याउने वा सो पुऱ्याउने समेतका लागि अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थासंग गाभ्ने/गाभिने कार्य सम्पन्न गरी सक्नु पर्ने एजेण्डा साधारण सभामा पेश गर्ने र सोको कार्यान्वयन नयाँ गठन हुने संचालक समितिले १ वर्षभित्र गरी सक्नु पर्ने गरी जिम्मेवारी सुम्पने ।

(४) माथि उपखण्ड (२) बमोजिम बैंकको ब्यवस्थापन जिम्मा लगाउनु पूर्व यस बैंकबाट गरिएको निरीक्षण प्रतिवेदनहरुमा समेतमा उल्लेख भए अनुसार बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४८ बमोजिम इजाजतपत्र प्राप्त संस्थाले गर्न नहुने काम सम्बन्धी ब्यवस्था बिपरीत संस्थापक संचालक र चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर लिएका ब्यक्ति, कार्यकारी प्रमुख वा त्यस्ता ब्यक्तिको परिवारका सदस्य वा संचालक मनोनित गर्ने वा नियुक्ती गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई प्रवाह गरेका बक्यौता कर्जा तथा ब्याजलाई त्यस्ता संस्थापक समूहका ब्यक्ति, फर्म, कम्पनीले धारण गरेको उक्त बैंकको संस्थापक एवं साधारण शेयरहरुलाई आवश्यक कार्यविधि तयार गरी सो बमोजिम त्यस्ता शेयर बिक्री गरी कर्जा फरफारक गर्ने गराउने ।

(५) उक्त बैंकबाट गरिएका जोखिमपूर्ण लगानीबाट बैंकलाई पुग्न गएको वित्तीय घाटा (Financial Loss) आवश्यक प्रकृया अवलम्बन गरी त्यस्तो लगानी असुलउपर गर्ने गराउने ।

नेपाल राष्ट्र बैंकले उक्त बैंकलाई नियन्त्रणमा लिनु पर्नाको कारण वित्तीय स्थितिमा समस्या आएको नभई मूलतः उक्त बैंकको सञ्चालक समितिमा देखिएको समस्या भएको हुंदा सम्पूर्ण निक्षेपकर्ता, ऋणी लगायत ग्राहक महानुभावहरुलाई यथावत् रुपमा उक्त बैंकसंग कारोबार गरिरहनु हुन नेपाल राष्ट्र बैंक अनुरोध गर्दछ ।

मिति : २०७०।१०।२१

(भाष्करमणि ज्ञवाली)
**प्रवक्ता**